धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनूसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८०/८१ को तेश्रो त्रैमासिक प्रतिवेदन

## सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं। फोन :०१-४१०११४०/५३२२६०९

**१. वित्तीय विवरण :**

क) आ.व.२०८०/८१ को तेश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण।

*वित्तिय अवस्थाको विवरण (रकम रु.मा)*

| | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| विवरण | चैत मसान्त २०८० सम्ममा | पौष मसान्त २०८० सम्ममा | चैत मसान्त २०७९ सम्ममा |
| सम्पत्ति | | | |
| गैह्र चालु सम्पत्ति | | | |
| कार्यालय उपकरण | २,०५८,७०३.४४ | १,६८३,४३९.०८ | २,२८५,४५८.९५ |
| पूँजीगत कार्य प्रगति | ४,७५२,५३१.१६ | ४,६४५,०३१.१६ | ४,७६७,१३३.१६ |
| लगानी | ६४४,०४८,४१०.७९ | ४४९,०९५,६००.०० | ४४९,०४८,४१०.७९ |
| जम्मा गैह्र चालु सम्पत्ति | ६५०,८५९,६४५.३९ | ४५५,४२४,०७०.२४ | ४५६,१०१,००२.९० |
| चालु सम्पत्ति | | | |
| मुद्दती निक्षेपमा लगानी | १५५,०००,०००.०० | १८५,०००,०००.०० | १५५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | २२,१३९,२१४.३१ | १,६९५,१४६.४१ | ३०,७६५,८२०.३८ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ४३५,३१०,२३६.५२ | ५८०,९६१,३१६.६५ | १९८,३३९,४६७.२५ |
| आसामी | २१०,६३९,५२२.३८ | २१९,६१७,७९८.५६ | ५०४,९७६,४३३.७२ |
| जम्मा चालु सम्पत्ति | ८२३,०८८,९७३.२१ | ९८७,२७४,२६१.६२ | ८८९,०८१,७२१.३५ |
| जम्मा सम्पत्ति | १,४७३,९४८,६१८.६० | १,४४२,६९८,३३१.८६ | १,३४५,१८२,७२४.२५ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा कोष | | | |
| शेयर पूँजी | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ५७९,८१४,२३६.४० | ५५०,८६३,५२५.८० | ४८३,१२९,८०८.५४ |
| जम्मा पूँजी तथा जगेडा कोष | १,४१९,२२४,२३६.४० | १,३९०,२७३,५२५.८० | १,३२२,५३९,८०८.५४ |
| दायित्व | | | |
| गैह्र चालु दायित्व | | | |
| दीर्घकालीन बैंक ऋण | ५४८,९९४.७५ | ६३२,७४९.४३ | ८२३,५६३.४४ |
| चालु दायित्व र व्यवस्था | | | |
| व्यापारिक र अन्य दायित्व | ४३,४११,७३७.६२ | ४३,३४८,३६२.४२ | ३,५६५,८९९.०५ |
| अन्य व्यवस्थाहरु | १०,७६३,६४९.८३ | ८,४४३,६९४.२१ | १८,२५३,४५३.२२ |
| जम्मा चालु दायित्व तथा व्यवस्थाहरु | ५४,१७५,३८७.४५ | ५१,७९२,०५६.६३ | २१,८१९,३५२.२७ |
| जम्मा पूँजी तथा दायित्व | १,४७३,९४८,६१८.६० | १,४४२,६९८,३३१.८६ | १,३४५,१८२,७२४.२५ |

*आय विवरण (रकम रु. मा)*

| | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| विवरण | चैत्र मसान्त २०८० सम्ममा | पौष मसान्त २०८० सम्ममा | चैत्र मसान्त २०७९ सम्ममा |
| आम्दानी | | | |
| सेवा शुल्क, ब्याज तथा अन्य आम्दानी | १०७,७२२,६२२.५५ | ७०,९६९,६६३.६२ | १२६,६८३,४१५.०१ |
| खर्च | | | |
| प्रशासनिक खर्च | (१४,४५४,३२४.६७) | (९,७५०,३९५.८६) | (१३,३३०,५०१.१०) |
| ब्याज खर्च | (३५,६६९.७६) | (२६,०७०.५१) | (१०४,२०८.६९) |
| ह्रासकट्टी | (३८१,०३३.०६) | (२१२,२६८.४२) | (४००,४४२.३५) |
| जम्मा खर्च | (१४,८७१,०२७.४९) | (९,९८८,७३४.७९) | (१३,८३५,१५२.१४) |
| आयकर अघिको नाफा | ९२,८५१,५९५.०५ | ६०,९८०,९२८.८३ | ११२,८४८,२६२.८६ |
| चालू वर्षको आयकर व्यवस्था | (१०,२६३,६४९.८३) | (७,३४३,६९४.२१) | (१८,२५३,४५३.२२) |
| आयकर कट्टी पछिको नाफा | ८२,५८७,९४५.२२ | ५३,६३७,२३४.६२ | ९४,५९४,८०९.६५ |
| आयकर कट्टी पछिको कुल संचित नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको) | | | |

**नोट:**

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ।
लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन।**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | १३.१२ | १६९.०७ | १५.१९ | १७५.५९ | ६६.५५ |

**२. व्यवसायिक विश्लेषण:**

**क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
कम्पनीसंग रहेका लगानी योग्य रकम हाललाई मुद्धती खातामा राखिएकोले नगद मौज्दात तथा तरलता बढेको छ।

**ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीले लगानी गरेको जलविद्युत आयोजनाहरु दोर्दी-१ जलविद्युत आयोजना, तल्लो खारे खोला जलविद्युत आयोजना र रुकुम गाड जलविद्युत आयोजनाले विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रसारणमा विद्युत प्रवाह गर्दै आएको छ। साथै कम्पनीको लगानी रहेको ४५ मे.वा.को कसुवा खोला जलविद्युत आयोजनाको निर्माण कार्य आ.व. २०८०/८१ मा प्रारम्भ हुने अनुमान रहेको छ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण:**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

**४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| १,१५५.६० | ८७०.०० | ८७३.०० | ५८.०० | ९६०३ |

**ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
शेयर बजारले निर्धारण गर्ने यस संस्थाको शेयरको मूल्य र कारोबारमा यस संस्थाको कुनै हस्तक्षेप रहेको छैन।

**५. समस्या तथा चुनौती:**
कम्पनीले गरेको सम्पूर्ण लगानीहरु जलविद्युत आयोजनामा रहेकोले जलविद्युत आयोजनासँग सम्बन्धित समस्या, चुनौती र जोखिमहरुले कम्पनीले प्राप्त गर्ने प्रतिफललाई प्रभाव पार्नेछ।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।